"समृद्ध सुन्दर कुश्मा नगर"

कुश्मा नगरपालिकाको सम्मानित नगरसभाको नवौं अधिवेशन २०७९ साल असार १० गते शुक्रबारका दिन नगरपालिका उपप्रमुख श्री स्वस्थानी रिजाल ज्यूद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

सभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू,

नगर सभाका सदस्य ज्यूहरु

१. स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भए संगै पहिलो पटक कुश्मा नगरपालिकाको सम्मानित नगरसभा समक्ष नगरको मार्गचित्रको रुपमा रहेको आर्थिक वर्ष २०७९/०८० को समग्र नीति तथा कार्यक्रम कार्यान्वयनको दस्ताबेजको रुपमा यो बजेट प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महशुस गरेको छु ।

२. यस ऐतिहासिक अवसरमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणको क्रममा राष्ट्रियता लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागि विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने संपूर्ण ज्ञात/अज्ञात महान सहिद तथा बेपत्ताहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते, अपाङ्ग योँद्धाहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु । न्याय समानता स्वाधीनता र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा अमूल्य योगदान पुर्याउनु हुने संपूर्ण नेपाली आमाबाबु दिदीबहिनी तथा दाजुभाईहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. नेपालको संविधान, २०७२ संघीय तथा प्रदेश सरकारबाट जारी ऐन/कानून तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शकको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पन्ध्रौं योजना, गण्डकी प्रदेशको प्रथम योजना, कुश्मा नगरपालिकाको प्रथम आवधिक योजना (२०७८/०७९-२०८०/०८१), नगरको आर्थिक विधेयक-२०७९, विनियोजन विधेयक-२०७९, आर्थिक वर्ष २०७९/०८० को निति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, नगरका विषयगत समितिका सुझावहरु, दिगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्य ज्यूहरुले दिनु भएका सुझावहरु, विषय विज्ञका सुझावहरु, संचारकर्मी, नागरिक समाज, राजनितिक दलहरु, विभिन्न संघसंस्था एवं सरोकारवालाहरुको सुझाव र नगरवासी दिदिवहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्वपूर्ण तथा कार्यान्वयन योग्य सुझावहरु नै आर्थिक वर्ष २०७९/०८० को नीति तर्जुमा एवं बजेट प्रक्षेपणको आधार रहेको छ ।

४. अब म चालु आर्थिक वर्ष २०७८/७९ मा प्राप्त गरेका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

- ✓ नगरपालिकाको आफ्नो कार्यक्षेत्रको विषयमा हाल सम्म ४० वटा ऐन, नियमावली, कार्यविधि र निर्देशिका र मापदण्ड जारी भई कार्यान्वयनमा रहेका छन ।
- ✓ नगरपालिकाका हरेक गतिविधीहरु नियमित रुपमा वेबसाइट, एप्लिकेसन र अन्य विद्युतीय संजाल मार्फत सार्वजनिक गरिदै आएको छ । सि.सी क्यामेरा, नेटवर्किङ्ग, विद्युतीय हाजिर लागु गरी प्रविधीमैत्री सेवा प्रवाहमा जोड दिईएको छ ।
- ✓ नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, शैक्षिक लगायतका विवरणहरु समावेश गरिएको वृहत नगर प्रोफाइलको निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- ✓ कुश्मा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि विस्तृत प्रतिवेदन परियोजना प्रतिवेदन तयार भईसकेको छ भने कुश्मा नगरपालिका वडा नं ९ र १३ को वडा

कार्यालय भवन निर्माण सम्पन्न भएको छ । वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको क्रममा रहेको तथा वडा नं. १ र ७ मा भवन निर्माणको प्रक्रिया अगाडी वढाईएको छ ।

- ✓ राजश्व तर्फ आर्थिक वर्ष २०७८/०७९ को जेष्ठ मसान्त सम्म १ करोड ५१ लाख ८६ हजार रुपैया राजश्व संकलन भएको छ ।
- ✓ लेखापरीक्षणतर्फ चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्मको आन्तरीक लेखापरीक्षण सम्पन्न भएको छ ।

**सभाध्यक्ष महोदय,**

- ✓ आर्थिक वर्ष २०७७/०७८ सम्म रु. १२ करोड ४९ लाख ८ हजार रुपैया बेरुजु कायम रहेकोमा आर्थिक वर्ष २०७८/०७९ मा रु. ७ करोड १९ लाख ४५ हजार रुपैया फछ्र्योट गरी महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण भएको छ । ५ करोड २९ लाख ६३ हजार रुपैयाको बेरुजु नियमित तथा फछ्र्योटको प्रक्रिया अगाडी वढाईएको छ ।
- ✓ भौतिक पूर्वाधार तर्फ चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्म नगरपालिका भित्र ५०० मिटर कालोपत्रे गरिएको सडक, ९०० मिटर नयाँ ट्र्याक खोलिएको, ४८० मिटर पक्की नाली निर्माण, ३५०० मिटर कच्ची नालि निर्माण, ५२५७ मिटर ग्रावेल सडक, ४५४ मिटर सडक ढलान कार्य, ११३५ मिटर छपनी ढुंगा प्रयोग गरी निर्मित सिढी, १९८ घनमिटर ग्याबिन जाली भर्ने काम, १६८ मिटर सुख्खा ढुंगाको वाल निर्माण र ११५३ मिटर ढुङ्गाको सडक सोलिङ्ग कार्य सम्पन्न भएको छ ।
- ✓ व्यक्तिगत घटना दर्ता विवरणलाई डिजिटाइजेसन गरी कम्प्यूटराइज गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- ✓ सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको विवरण MIS Online System मा प्रविष्टि गरी पारदर्शी र प्रभावकारी रुपमा बैंक मार्फत वितरण गरिएको छ ।
- ✓ नगर क्षेत्रभित्रमा सवै आधारभूत तहका शिक्षकहरुको लागि पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- ✓ नगर क्षेत्रभित्रमा सवै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ ।
- ✓ स्वास्थ्य सेवातर्फ नगरपालिकाका १४ वटै वडामा कोभिड-१९ रोग बिरुद्धको खोप १२ बर्ष देखी माथीका सबै नागरिकहरुका लागी विभिन्न चरणमा पहिलो डोज ६९ प्रतिशत, दोस्रो डोज ७४ प्रतिशत र बुस्टर डोज ३१ प्रतिशत लाई लगाइएको छ।
- ✓ १५ महिना देखि १५ बर्ष सम्मका ९३९९ जना बालबालिकालाई शतप्रतिशत टाइफाइड रोग बिरुद्धको खोप लगाइएको छ ।
- ✓ क्षयरोगका शंकास्पद बिरामीहरुको पहिचानको लागि वडा नं. ९ कटुवाचौपारी र वडा नं. १० पिपलटारीमा माइक्रोस्कोपिक क्याम्प सञ्चालन गरिएको छ जसमा शंकास्पद

१०५ जनाको स्वास्थ्य परिक्षण एवं ४३ जनाको खकार स्लाइड परिक्षण गरिएको छ ।

- ✓ महामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत हात्ती पाइले रोग बिरुद्धको आम औषधी सेवन अभियान समपन्न भै सकेको छ।
- ✓ पोषण कार्यक्रम अन्तर्गत स्तनपान सप्ताह लाइ १४ वटै वडामा रहेका स्वास्थ्य संस्था मार्फत मनाउने कार्य समपन्न गरिएको छ ।
- ✓ राष्ट्रिय भिटामीन ए कार्यक्रम अन्तर्गत ५ बर्ष मुनीका सबै बाल बालिकाहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।
- ✓ सबै नगरबासीहरुको पोषण अवस्थाको अनुगमन गर्न कुपोषणको समयमै पहिचान गरी ब्यवस्थापन गर्ने क्षमतामा अभिवृदि गर्नका लागी कुश्मा नगरपालिकामा कार्यरत समपूर्ण स्वास्थ्य कर्मीहरुका लागी ६ दिने तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका हरुका लागी ३ दिने क्षमता अभिवृद्दी तालिम कार्यक्रम सम्पन्न गरि सकिएको छ।
- ✓ मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मृगौला जस्ता रोगहरुको कम्तीमा महिनामा एक पटक नगरपालिका अन्तर्गत १७ वटै स्वास्थ संस्थाबाट ६० बर्ष माथिका जेष्ठनागरिक तथा अन्य जोखिममा भएका नागरिकहरुका लागी जाँच तथा प्रेषण सेवा प्रदान गर्दै आइरहेको छ ।
- ✓ नगरपालिका भित्रका अपाङ्गता भएका नागरिकहरुको पहिचानका लागि क, ख, ग र घ वर्गका गरी हालसम्म जम्मा ९८ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न भएको छ ।
- ✓ हिंसा प्रभावित महिलाहरुका लागि अल्पकालीन आश्रय स्थल सेफ हाउस सञ्चालनमा रहेको छ ।
- ✓ ५० जना अनाथ तथा असहाय बालबालिकाहरुका लागि झोला तथा न्यानो कपडा वितरण कार्यक्रम सञ्चालन भएको छ ।
- ✓ अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम ४ वटा कुश्मा नगरपालिका भित्रका माध्यामिक विद्यालयमा सञ्चालन गरिएको छ।
- ✓ एकल महिला संरक्षण कार्यक्रम अन्तर्गत २ दिने तरकारी खेति तालिम तथा टनेल वितरण कार्यक्रममा २८ जना एकल महिलाहरुको सहभागिता भएको थियो ।
- ✓ अन्तराष्ट्रिय महिला श्रमिक दिवशको अवसरमा नगरपालिका भित्रका विभिन्न शाखामा योगदान पूर्याएका ८ जना महिलाहरुलाई सम्मान गरिएको छ।
- ✓ कुश्मा नगरपालिका वडा नं. १ मा महिलाहरुका लागि प्रजनन स्वास्थ्य सम्बन्धि शिविर सञ्चालन गरि २२२ जना महिलाहरुलाई सेवा उपलब्ध गराइएको छ।
- ✓ १ वडा १ नर्सरी व्यवस्थापन कार्यक्रम अन्तर्गत १४ वटै वडामा कृषकहरुलाई नर्सरी मार्फत अनुदानमा तरकारी विरुवा वितरण कार्य सम्पन्न भएको छ ।

- ✓ नगरपालिका स्तरमा ३ वटा मौरीपालन सम्वन्धि तालिमबाट ६८ जना कृषक लाभान्वित हुनुका साथै १०० वटा मौरी गोला वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- ✓ साना व्यवसायसिक भैंसी पकेट कार्यक्रमको निरन्तरता तथा दुग्ध डेरी सञ्चालन मार्फत ५० कृषक परिवार लाभान्वित भएका छन् ।
- ✓ कुश्मा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका १०२ वटा सहकारी संस्थाहरुको सम्पुर्ण विवरणहरु समावेश भएको सहकारी प्रोफाइल बनाउने कार्य अन्तिम चरणमा पुगेको छ।
- ✓ कुश्मा नगरपालिका वडा नं ४ मा गुप्तेश्वर धार्मिक पर्यटन प्रबर्द्धन केन्द्रको गुरुयोजना तयार भई निर्माण कार्य शुभारम्भ भएको छ ।
- ✓ गरिबीको रेखामुनी रहेका परिवारहरुका लागि स्थानीय स्रोत साधन परिचालन गरी स्थानीय स्तरमा नै उद्यमशीलताको विकास गर्नको लागि यस नगरपालिका भित्रका वडा नं. १, ४ र १४ मा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिएको जसबाट हालसम्म ९० जना नयाँ उद्यमी सृजना भै सकेका छन भने ५० जना उद्यमी हरुलाई स्तरोन्नती तालिम दिईसकिएको छ ।

**सभाध्यक्ष महोदय,**

५. अव म आर्थिक वर्ष २०७९/०८० को वजेटका उद्देश्यहरु प्रस्तुत गर्दछु ।

क. उत्पादनमुखि अर्थतन्त्रको विकासमा जोड दिई दिगो आर्थिक वढोत्तरी प्राप्त गर्ने ।

ख. नगरमा उपलब्ध प्राकृतिक स्रोत साधन, सुशुप्त रहेका श्रमशक्ति, प्रविधि एवं पुँजीको सही परिचालन गरि रोजगारका अवसरहरु सिर्जना गर्ने ।

ग. संघ, प्रदेश, निजी क्षेत्र र सरोकारवालाहरुसँग सहकार्य गरि सन्तुलित अर्थतन्त्रको विकासमा जोड दिने ।

घ. ग्रामिण लघुउद्यमशिलताका कार्यक्रमहरुको सञ्चालन मार्फत निम्न र निम्न मध्यम आय भएका परिवारलाई स्वरोजगार वनाउने ।

ङ. लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण नजिकको सरकारवाट प्रदान गर्ने ।

च. वित्तिय अनुशासन र आर्थिक सुशासन कायम गर्ने ।

६. अव म आर्थिक वर्ष २०७९/०८० को वजेटका प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

क. कृषि क्षेत्रको रुपान्तरण ।

ख. सरकारी, नीजि र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिवी निवारण ।

ग. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास ।

घ. वडाको प्रशासनिक भवन निर्माण ।

ङ. भौतिक पुर्वाधार निर्माण ।

**आर्थिक विकास क्षेत्रः**

७. कुश्मा नगरपालिकालाई उत्पादनमा आधारित कृषि क्षेत्रको विकास गरि आत्मनिर्भर कुश्मा वनाउन मकैवाली पकेट विकास कार्यक्रम, तरकारीवाली पकेट विकास कार्यक्रम, रैथाने वाली प्रवर्द्धन कार्यक्रम, ब्यवसायिक कागती खेती र केरा खेती, नगर प्रमुख सँग उद्यमशिलता, कृषि विमा, कृषि स्वयंसेवक, किसान क्लव आदी कार्यक्रमहरु सञ्चालन गर्न १ करोड ७५ लाख ८० हजार वजेट विनियोजन गरेकी छु ।

८. कुश्मा नगरपालिकाको समग्र पर्यटन प्रवर्द्धन र पुर्वाधार विकासका लागि कुश्मा घण्टाघर, गुप्तेश्वर धार्मिक तथा पर्यटकीय विकास, जुम्लीथान संरक्षण, सुधामा मन्दिर संरक्षण, लक्ष्मीनारायण मन्दिर संरक्षण, मुक्तिनारायण मन्दिर संरक्षण सहस्रधारा, राधाकृष्ण मन्दिर खुर्कोट पर्यटन पुर्वाधार लगायतका विभिन्न धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धनका लागि यथेष्ट वजेट विनियोजन गरिएको छ ।

**सामाजिक विकास क्षेत्रः**

९. स्थानीय विकासको प्रमुख आधार शिक्षाको विकासका लागि पुर्वाधार, शैक्षिक सुधार र शिक्षकहरुको तालिमका लागि आवश्यक वजेट विनियोजन गरिएको छ । प्राविधिक विद्यालयहरुको प्रवर्द्धन र कुश्मा भित्र रहेका सामुदायिक क्याम्पसहरुको प्रवर्द्धनका लागि वजेट विनियोजन गरिएको छ । पाङ धैरेनी माध्यमिक विद्यालयमा स्नातक तह अध्ययनका लागि विशेष पहल गरिने छ ।

१०. सामुदायिक विद्यालयका छात्राहरुको लागि निशुल्क स्यानिटरी प्याड, भेन्डिङ्ग मेसिन उपलब्ध गराउनका लागि १८ लाख ९२ हजार वजेट विनियोजन गरिएको छ ।

११. आमा स्वास्थ्य सुरक्षाका लागि गर्भवती र सुत्केरी सँग उप-प्रमुख कार्यक्रमका लागि ६ लाख वजेट विनियोजन गरिएको छ ।

१२. महिला, वालवालिका, जेष्ठनागरिक, दलित, जनजाति, अल्पसंख्यक र अपाङ्गता भएका ब्यक्तिहरुलाई मुलप्रवाहीकरण गर्नका लागि पहुँच, सहभागिता र सशक्तिकरणका लागि ४९ लाख १० हजार विनियोजन गरेकी छु ।

**भौतिक पुर्वाधारः**

१३. आगामी ५ वर्ष भित्र कुश्मा नगरपालिकाको प्रशासनिक भवन र वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माणका लागि वहुवर्षिय योजनाका रुपमा यस आर्थिक वर्षमा २ वटा वडाको प्रशासनिक भवन निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

१४. कुश्मा नगरपालिकाका १४ वटै वडाहरुको सडक, सिँचाई, खानेपानी पुर्वाधार निर्माणको लागि वडागत योजना तथा कार्यक्रमका लागि ५ करोड १० लाख विनियोजन गरेकी छु ।

१५. कुश्मा नगर वहुउद्देश्यीय वस पार्क तथा सिटी हल निर्माणको लागि संघ, प्रदेश, नगर विकास कोष सँग सहकार्य गरि निर्माण कार्य अगाडी वढाइनेछ ।

१६. कुश्मा नगरपालिकालाई खेलकुदको हव निर्माणका लागि वडा नं. १ मा क्रिकेट खेलकुद मैदान २ करोड र वडा नं. ५ वडागाउँचौरमा खेलमैदान, वडा नं. ४ र ५ मा ब्याडमिन्टन कभर्डहल निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

१७. कुश्मा नगरपालिका वडा नं. ७ मा जेष्ठनागरिक दिवा सेवा केन्द्र निर्माणका लागि संघीय सरकार विशेष अनुदानवाट १ करोड ८० लाख विनियोजन गरिएको छ ।

**वन वातावरण तथा विपद् ब्यवस्थापनः**

१८. विपद प्रभावितको उद्धार र राहतलाई प्रभावकारी वनाउन विपद ब्यवस्थापनमा संलग्न निकायहरुको क्षमता अभिवृद्दीको लागि आवश्यक स्रोत ब्यवस्थापन गरेकी छु । विपद पुर्वतयारी, खोज, उद्धार, पुर्नस्थापनमा स्थानीय समुदायको अभिवृद्दीका लागि स्वयंसेवक परिचालन गरिने छ । विपद ब्यवस्थापन कोषमा ८० लाख वजेट विनियोजन गरेकी छु ।

**संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासनः**

१९. नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीहरुको अन्य स्थानीय तहको शासन, अभ्यास, अवस्थिति र पर्यटकीय क्षेत्रहरुको भ्रमणका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

२०. सेवाग्राहीले सम्पत्ति तथा भुमिकर र अन्य राजश्व वुझाउनका लागि सम्वन्धित वडा कार्यालयमा साथै अनलाईन माध्यम मार्फत वुझाउने ब्यवस्था मिलाइनेछ ।

२१. सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभगितामुलक वनाउन सुशासनका आधारभुत तत्वहरुको परिचालन गर्न, प्रविधिमैत्री वनाउन, क्षमता तथा सीप विकास मार्फत उत्तरदायी वनाउन आवश्यक वजेट विनियोजन गरिएको छ ।

२२. न्यायिक समितिको वडा तह सम्म नै पहुँच स्थापित गरि मेलमिलाप मार्फत विवाद समाधान गर्न न्यायिक समितिलाई थप क्रियाशिल वनाई कार्यसम्पादनमा प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरिएको छ ।

२३. सुचनाको हकको प्रवर्द्धन एवं विकास निर्माण प्रकृयाको जवाफदेहिताको लागि राष्ट्रिय स्तरका संवाददाता तथा स्थानीय पत्रकारिता प्रवर्द्धनको लागि १४ लाख चालु खर्चवाट विनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

२४. अव म आर्थिक वर्ष २०७७/०७८ को यर्थाथ आय व्यय र चालु आर्थिक वर्ष २०७८/०७९ को संसोधित आय व्यय पेश गर्ने अनुमति चाहान्छु ।

- ✓ चालु आर्थिक वर्ष २०७८/०७९ मा पुर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, आर्थिक विकास, वातावरण तथा फोहोरमैला व्यवस्थापन लगायत विभिन्न विषय केन्द्रित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएका थिए । चालु आर्थिक बर्ष २०७८/०७९ मा कुल आय ७९ करोड ५५ लाख ३२ हजार प्रस्ताव गरिएकोमा ८२ करोड ६५ लाख ७२ हजार को संसोधित आय अनुमान गरी प्राथमिकताका कार्यक्रमहरुमा खर्च हुने ब्यवस्था मिलाएकी छु । जस अन्तर्गत आर्थिक विकास तर्फ ३ करोड ३६ लाख ३३ हजार, सामाजिक विकास तर्फ ४५ करोड ६६ लाख ४८ हजार, पुर्वाधार विकास तर्फ १४ करोड २५ लाख ८२ हजार, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ ४ करोड ७६ लाख ७८ हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १४ करोड ६० लाख ३१ हजार खर्च गर्ने ब्यवस्था मिलाएकी छु ।
- ✓ यस आर्थिक बर्ष मा सम्पन्न भई कम आयका कारण भुक्तानी दिन वाँकी रहेका योजना तथा कार्यक्रमका लागि आगामी आर्थिक बर्ष मा वजेट विनियोजन गर्ने ब्यवस्था मिलाएकी छु ।
- ✓ गत आर्थिक बर्ष २०७७/०७८ मा कुल आय ७२ करोड ३३ लाख ३७ हजार भएको र कुल व्यय ६८ करोड ७६ लाख ३७ हजार भई मौज्दात ३ करोड ५७ लाख हस्तान्तरण भएको थियो ।
- ✓ नगरसभाको सातौ अधिवेशनवाट आर्थिक बर्ष २०७८/०७९ को स्वीकृत भएको वजेट तथा कार्यक्रमको साथै नगरपालिका र नगर कार्यपालिकाको निर्णयवाट छनोट गरी कार्यान्वयन गरिएका सवै योजना तथा कार्यक्रमहरु समेत यस नवौं अधिवेशनवाट अनुमोदन सहित स्वीकृत गर्न प्रस्ताव पेश गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

२५. आर्थिक वर्ष २०७९/०८० को लागि अनुमान गरिएको खर्च ब्यहोर्ने श्रोत मध्ये नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान १५ करोड, गण्डकी प्रदेश सरकार वित्तीय समानिकरण अनुदान १ करोड ७७ लाख ७५ हजार, नेपाल सरकार राजश्व वाँडफाँड १० करोड ६९ लाख ८९ हजार, प्रदेश सरकार राजश्व वाँडफाँड अन्तर्गत सवारीकर वापत १ करोड ४६ लाख ९६ हजार, घरजग्गा रजिष्ट्रेशन शुल्क वाँडफाँड भई प्राप्त हुने १ करोड ६५

लाख, स्थानीय राजश्व बाँडफाँडवाट १ करोड ४३ लाख ६७ हजार, आन्तरिक आयवाट ३ करोड ६३ लाख ३३ हजार, नेपाल सरकार सशर्त अनुदान चालु तर्फ ३७ करोड ६४ लाख, नेपाल सरकार सशर्त अनुदान पुँजीगत तर्फ ८ करोड ७० लाख, नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान २ करोड, नेपाल सरकार विशेष अनुदान २ करोड ८० लाख, पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजनावाट १ करोड ७९ लाख ४० हजार, गण्डकी प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान ३० लाख र समपुरक अनुदान ५० लाख गरि कुल जम्मा ८९ करोड ९० लाख आय अनुमान गरिएको छ ।

२६. आर्थिक वर्ष २०७९/०८० को लागि कुल वजेट ८९ करोड ९० लाख विनियोजन गरेकी छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ एकमुष्ट ५५ करोड १९ लाख र पुँजीगत खर्च तर्फ एकमुष्ट ३४ करोड ७१ लाख विनियोजन भएको छ  चालु तर्फ ६१.४० प्रतिशत र पुँजीगत ३८.६० प्रतिशत विनियोजन भएको छ । कुल विनियोजन मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १७ करोड ५५ लाख, वडागत योजना तथा कार्यक्रम तर्फ ५ करोड १० लाख, आर्थिक विकास तर्फ २ करोड ४० लाख, सामाजिक विकास तर्फ ३ करोड ६१ लाख १० हजार, संस्थागत सेवा प्रवाह तथा सुशासन तर्फ ८० लाख, वन वातावरण विपद् तथा फोहोरमैला ब्यवस्थापन तर्फ १ करोड ७५ लाख, समपुरक कोष तर्फ ३ करोड २५ लाख ५० हजार, मर्मत सम्भार कोष तर्फ २० लाख, भैपरी र आकस्मिक रुपमा नगर कार्यपालिकाको कार्यालयको निर्णय वमोजिम सञ्चालन गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि १ करोड र संघीय तथा प्रदेश सरकारवाट तोकिए वमोजिम खर्च हुने योजना तथा कार्यक्रमका लागि ५४ करोड २३ लाख ४० हजार विनियोजन गरेकी छु ।

**अन्त्यमा**

२७. वजेट तथा कार्यक्रम निर्माणको क्रममा आफ्नो अमुल्य सुझावहरु दिई सहयोग गर्नुहुने नगर-प्रमुख ज्यू, बजेट तयारीमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा सदस्यहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यहरु, राजनैतिक दलका नेतागण, शाखा प्रमुख सहित नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एवं सञ्चारकर्मी, नागरिक समाज,  एवं सम्पूर्ण नगरबासी प्रति आभार प्रकट गर्दछु ।

धन्यवाद

मितिः २०७९ असार १०

स्वस्थानी रिजाल
उपप्रमुख